जनमुखी पत्रकारिताको अभ्यास

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्षः- १५ | अंकः- १६ | २०८२ साल साउन १९ सोमवार (Aujust 4, 2025) | पृष्ठ संख्याः- ४ | मुल्य रु : ५।-

## अदुवा खेती बन्यो आम्दानीको स्रोत

बिगूल समाचार
१९ साउन २०८२



डडेल्धुरा । जिल्लाको गन्यापधुरा गाउँपालिका-१ स्थित भेटा गाउँका किसानहरूका लागि अदुवा खेती भरपर्दो आम्दानीको स्रोत बनेको छ । गाउँका अधिकांश किसानहरूले अदुवा खेतीबाट वार्षिक डेढ लाखदेखि दुई लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् । बाँदर र अन्य जंगली जनावरले अदुवामा क्षति नगर्ने, कम मेहनतमा राम्रो उत्पादन हुने, तथा अन्य बालीभन्दा बजार मूल्य राम्रो पाइने भएकाले पछिल्ला केही वर्षयता अदुवा खेतीप्रति किसानहरूको आकर्षण बढ्दो छ ।

स्थानीय किसान देवराज अवस्थीले भने "पहिला म मकै र आलु खेती गर्थें, तर वर्षेनि बाँदरले धेरै क्षति गर्थ्यो । अहिले त अदुवा रोपेर राम्रो कमाइ हुन थालेको छ ।" उनका अनुसार अदुवा खेतीले गाउँमा बेरोजगार युवाहरूलाई पनि आयआर्जनको अवसर दिएको छ ।

अदुवा खेतीमा किसानहरूको बढ्दो आकर्षण देखिएसँगै कृषि ज्ञान केन्द्र डडेल्धुराले किसानहरूलाई प्राविधिक सल्लाहसँगै बीउ तथा मलमा अनुदान दिन थालेको छ । यसले गर्दा किसानहरूलाई अदुवा खेती गर्न झनै सजिलो र प्रभावकारी हुन थालेको छ । जिल्लामा २ सय ४२ हेक्टर क्षेत्रफलमा अदुवा खेती हुने गरेको कृषि ज्ञान केन्द्र डडेल्धुराले जनाएको छ । विशेष गरी गन्यापधुरा गाउँपालिका, आलिताल गाउँपालिका र अजयमेरु गाउँपालिकामा व्यावसायिक रूपमा अदुवा खेती गरिँदै आएको छ ।

## प्रतिक्रियावादीहरूका विरुद्ध फेरि उठ्ने बेला आएको छः प्रचण्ड

बिगूल समाचार
१९ साउन २०८२



काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुलुकमा क्रान्तिको अध्याय अझै पूर्ण रूपमा सम्पन्न नभएको कुरा व्यक्त गर्नुभएको छ । उहाँले क्रान्तिका बाँकी कार्यभारहरू सम्पन्न गर्न नयाँ ढङ्गले शान्तिपूर्ण विद्रोहको आवश्यकता रहेको बताउनुभयो ।

पार्टीको केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित श्रद्धाञ्जली कार्यक्रममा सम्बोधन गर्नुहुँदै प्रचण्डले मुलुकमा क्रान्तिको अध्याय अझै पूर्ण रूपमा सम्पन्न नभएको कुरा व्यक्त गर्नुभएको छ । उहाँले क्रान्तिका बाँकी कार्यभारहरू सम्पन्न गर्न नयाँ ढङ्गले शान्तिपूर्ण विद्रोहको आवश्यकता रहेको बताउनुभयो ।

पार्टीको केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित श्रद्धाञ्जली कार्यक्रममा सम्बोधन गर्नुहुँदै उहाँले विगतका सङ्घर्षहरू अपूर्ण रहेको र प्रतिक्रियावादी शक्तिहरूको षड्यन्त्रविरुद्ध नयाँ सङ्घर्षको तयारी गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

एक पटक अझै क्रान्ति गर्नुपर्ने अवस्था आएको प्रचण्डले बताउनु भयो । उहाँले भन्नुभयो, 'मलाई त जनयुद्धको तयारी, जनयुद्ध, शान्ति सम्झौता, संविधान सभा हुँदै यहाँसम्म अझै पनि जिवित रहन सकेको र नेतृत्वमा पनि भइराखेको कारणले पनि एकचोटि फेरि क्रान्ति, नयाँ खालको विद्रोहद्वारा प्रतिक्रियावादीहरुलाई परास्त गर्नुपर्छ भन्ने संकल्पसहित हामी हिँडिराखेका छौं । मैले गर्ने प्रतिबद्धता पनि यही नै हो ।'

उहाँले जनयुद्धदेखि संविधान निर्माणसम्मको यात्रामा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको भए पनि परिवर्तनका सम्पूर्ण लक्ष्यहरू प्राप्त नभएको कुरा उल्लेख गर्नुभयो । "म अझै जीवित छु, किनभने पुनः विद्रोहको आवश्यकता छ," भन्नुहुँदै उहाँले वर्तमान परिस्थितिमा क्रान्तिकारी भावनालाई पुनर्जागृत गर्न कार्यकर्ताहरूलाई आह्वान गर्नुभयो ।

उहाँले शान्ति प्रक्रियाका बाँकी कार्यहरू अपूर्ण रहेको र त्यसमा बाधा पुऱ्याउने तत्वहरू सक्रिय रहेको टिप्पणी गर्नुभया । "हामी एकताबद्ध नभए प्रतिक्रियावादी शक्तिहरू बलिया हुनेछन्," भन्दै उहाँले सजग रहनुपर्ने सन्देश दिनुभयो ।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका प्रचण्डले जनयुद्धलाई राष्ट्रिय दिवसको मान्यता दिनुपर्ने मागलाई पुनः दोहोऱ्याउनुभयो । उहाँका अनुसार जनयुद्ध कुनै अदालती बहस नभई जनताको गौरवमय इतिहास हो, जसलाई आत्मसात गर्नु अनिवार्य छ ।

## निर्मला हत्या प्रकरण नयाँ शिराबाट अनुसन्धान गर्न सिआइबीलाई गृहमन्त्री लेखकको निर्देशन

बिगूल समाचार
१९ साउन २०८२




डडेल्धुरा । गृहमन्त्री रमेश लेखकले कञ्चनपुरको भीमदत्त नगरपालिकाकी निर्मला पन्त बलात्कारपछि हत्या भएको प्रकरण नयाँ शिराबाट गम्भीर अनुसन्धान थाल्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई निर्देशन दिनुभएको छ ।

आज सिआइबीको कार्यालय निरीक्षणका क्रममा मन्त्री लेखकले सुक्ष्म रुपमा निर्मला पन्त प्रकरण अनुसन्धान गरेर दोषीलाई कारबाहीको दायरामा ल्याउन निर्देशन दिनुभएको हो ।

"निर्मला पन्तको हत्यालगायत ब्युरोले अनुसन्धान गरिरहेका सबै जटिल घटनाको अनुसन्धानमा तीव्रता दिन आग्रह गर्छु", गृहमन्त्री लेखकले भन्नुभयो, "नेपाल प्रहरीभित्र पनि सिआइबीप्रति आमजनताको भरोसा बढेको छ, यसलाई अटल राखेर काम गर्नुपर्छ ।"

सीमित स्रोतसाधनका बीच प्रहरीमा सिआइबीले कार्यसम्पादनमा सफलता हासिल गर्दै गएकोप्रति खुसी व्यक्त गर्दै मन्त्री लेखकले सिआइबीलाई साधनस्रोत सम्पन्न बनाउन मन्त्रालय गम्भीर रहेको उल्लेख गर्नुभयो । मुलुकमा पछिल्लो समय वित्तीय अपराधका घटना बढेकाले आफूले वित्तीय अपराध नियन्त्रणका लागि वित्तीय अपराध अनुसन्धान महाशाखा गठन गरेको जानकारी दिनुभयो ।

"प्रहरीप्रतिको भरोसा बढेर गएकै कारण देशभरबाट प्रहरी चौकी माग हुँदै आएको छ", उहाँले भन्नुभयो, "प्रहरीलाई सुविधा सम्पन्न बनाउन विगतकोभन्दा चालु आर्थिक वर्षमा तुलनात्मक रुपमा बजेट बढी विनियोजन गरिएको छ ।"

प्रहरीभित्र सिआइबीको महत्वपूर्ण जिम्मेवारी रहेको भन्दै उहाँले जिम्मेवारी पूरा गर्न प्रविधि, जनशक्तिलगायतका विकास गरिनेमा जोडदिनुभयो ।

त्यस अवसरमा सिआइबीका वरिष्ठ प्रहरी उपरीक्षक होविन्द्र बोगटीले सिआइबीले गरिरहेको काम, कारबाही, पाइरहेको सफलता र कार्यसम्पादनमा रहेका चुनौतीलगायत विषयमा प्रस्तुति राख्नुभएको थियो । वरिष्ठ उपरीक्षक बोगटीले सिआइबीले निर्मला पन्त हत्या प्रकरणका साथै अन्य घटनाका सम्बन्धमा पनि अनुसन्धान जारी र हेको जानकारी गराउनुभएको थियो । कार्यक्रममा प्रहरी महानिरीक्षक दीपक थापा, सिआइबीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रकुवेर खापुङलगायत सिआइबीका कार्यरत प्रहरी अधिकारीको उपस्थिति थियो ।

## दैनिय अवस्थामा दैजी जोगबुढा सडक

### देउवाको गृह जिल्लामा ३० करोड बजेट खर्च हुन सकेन

बिगूल समाचार
१९ साउन २०८२

डडेल्धुरा । गत आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारले विनियोजन गरेको ३० करोड रुपैयाँ खर्च हुन नसकेपछि डडेल्धुराको दैजी-जोगबुडा-डडेल्धुरा सडकको अवस्था झनै दयनीय बनेको छ। सुदूरपश्चिम क्षेत्रको समग्र विकासमा महत्वपूर्ण मानिएको यो सडक योजनामा सरकारी निष्क्रियताले ठूलो अवसर गुमाएको स्थानीयवासीको गुनासो छ । बजेट डडेल्धुरा सडक आयोजना अन्तर्गत कुलपाते डिभिजन कार्यालय मार्फत खर्च हुने गरी विनियोजन गरिएको थियो । तर प्रदेश सरकारले यस सडकलाई 'प्रदेश गौरवको योजना' घोषणा गरेपछि संघीय सरकारको भूमिका सीमित बनेको देखियो। विशेषगरी सिउँडेबाग देखि लखना खानसम्मको खण्डमा संघीय बजेटबाट ठेक्का प्रक्रिया अगाडि बढाउने तयारी भए पनि त्यसका लागि कुलपाते डिभिजनले कञ्चनपुर डिभिजनलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्ने थियो, जुन प्रक्रिया समयमा सम्पन्न हुन सकेन ।

सम्बन्धित निकायबीच समन्वयको अभाव, राजनीतिक इच्छाशक्तिको कमी, र स्थानीय तहको मौनताका कारण बजेट समयमा खर्च हुन नसकेको स्थानीयको भनाइ छ। "३० करोडको बजेट फ्रिज हुनु आफैंमा विकासविरोधी बेवास्ताको ज्वलन्त उदाहरण हो,"स्थानीय समाजसेवी केशब अवस्थीले टिप्पणी गरे ।

उनले भने, "प्रधानमन्त्री पाँचपटक फेरिए पनि देउबाको जिल्ला र परशुराम नगरपालिकाबाट प्रतिनिधित्व गर्नेहरू जिम्मेवार नभएसम्म जनताको जीवनस्तरमा सुधार आउँदैन ।"

यसैबीच, सामाजिक सञ्जालमा 'बजेट आयो' भनेर प्रचार गर्ने नेताहरू बजेट फ्रिज हुँदा चुपचाप बसिरहेको भन्दै सर्वसाधारणले आलोचना गरेका छन् । "फेसबुकमा सक्रिय तर व्यवहारमा निष्क्रिय नेताहरूको प्रवृत्तिले जनतामा निराशा थपेको छ," स्थानीय युवा अर्जुन भट्टले भने ।

परशुराम नगरपालिकाले समेत सडक सुधार र बजेट कार्यान्वयनप्रति चासो नदेखाएकोप्रति जनताले गुनासो पोखेका छन् । उनीहरू भन्छन्, "जबसम्म सरोकारवाला सबै तह गम्भीर भएर लाग्दैनन्, तबसम्म सुदूरपश्चिममा यस्तै गरी विकासका अवसरहरू गुमिरहन्छन् ।"

# सम्पादकीय

## डडेल्धुराका सडकः विकासको नाममा नागरिकलाई सास्ती

सुदूरपश्चिम प्रदेशको डडेल्धुरा जिल्लामा वर्षायामको आगमनसँगै सडक समस्या अब सामान्य र नियमित विषय बनिसकेको छ। हरेक वर्ष जस्तै यस वर्ष पनि वर्षात सुरु भएसँगै डडेल्धुराका सडकहरू हिलो, खाल्डाखुल्डी, पहिरो र अबरुद्ध अवस्थाले अस्तव्यस्त बनेका छन् । यसले जिल्लाबासीको जनजीवनलाई थप कष्टकर बनाएको छ। विशेष गरी, बिरामी बोकेका एम्बुलेन्स, दैनिक यात्रा गर्ने पैदलयात्रु तथा सवारी साधन चलाउनेहरूलाई अत्यधिक सास्ती भएको देखिन्छ। यी समस्या पटक-पटक उठाइए पनि कुनै स्थायी समाधान नखोजिनु प्रदेश सरकार र स्थानीय सरकारहरूको कार्यक्षमता र इमान्दारितामाथि नै प्रश्न खडा गरिरहेको छ ।

डडेल्धुराको समग्र विकासको मेरुदण्ड मानिएको भीमदत्त राजमार्गको हगुल्टे-साहुँखर खण्डको अवस्था झन् भयावह छ । लगातारको वर्षाले पहिरो झर्ने, सडक भासिने र सवारी साधन बिच बाटोमै अल्झिनु नौलो विषय रहेन। सडक मर्मत तथा स्तरोन्नति गर्न जिम्मेवारी पाएका निर्माण कम्पनीहरू र तिनको कामको अनुगमन गर्नुपर्ने सरकारी निकायहरू दुवैको उदासीनता र गैरजिम्मेवारीपन सडक समस्या झन् चर्काउने कारण बनेको छ । सामान्य मर्मतसमेत नगरी वर्षा पर्खिने परिपाटी कायम रहँदा स्थानीय बासिन्दाले अनावश्यक सास्ती भोग्न बाध्य छन् ।

यो वर्ष मात्रै होइन, वर्षौंदेखि दैजि-जोगबुढा, घटालथान, भागेश्वर-रूपाल, खसर्याखान-बेलापुर, बगरकोट-राजुल देवल भत्काडा रेल, र ७ ओटै स्थानीय तहका अन्य पालिका र वडा सदरमुकाम जोड्ने ट्याकहरू लगायतका ग्रामीण सडकहरू  खराब अवस्थामा छन्। कतिपय स्थानमा त डोजरले सामान्य ट्र्याक बनाएर 'निर्माण सम्पन्न' को झुटो प्रतिवेदन बनाइएको खुलेको छ । यस्तो कार्यले भौतिक पूर्वाधार निर्माणलाई जनताको विश्वास गुमाउने र भ्रष्टाचारकै पर्याय बनाउने खतरा बढाएको छ। वर्षायामको सामान्य झरीले सडक अपायक बनाउनुको अर्थ नै त्यो कामको गुणस्तर कमजोर हुनु हो, जसले निर्माणको निष्पक्षता र पारदर्शितामाथि गम्भीर प्रश्न उठाएको छ ।

अर्कोतर्फ, सडक सुधारका नाममा प्रत्येक वर्ष करोडौँ रुपैयाँ बजेट विनियोजन भए पनि कार्यान्वयन चरण कमजोर हुँदा ती बजेटहरू खर्च हुनै नसक्ने स्थिति देखिएको छ। यस्तै हालै डडेल्धुरा जिल्लाबाट फिर्ता गरिएको झन्डै ३० करोड रुपैयाँ बजेट यसैको प्रमाण हो । जनप्रतिनिधिहरू, ठेकेदारहरू र सरोकारवाला निकायबीचको मिलेमतो, सुस्त गतिका काम, गुणस्तरहीन निर्माण र अनुगमनको अभावले गर्दा जनता निरन्तर पीडित छन् । सडक उद्घाटनका लागि डोजर चलाएर 'शो' गर्नु, अनि फेरि फर्केर पनि नहेर्ने प्रवृत्तिले सरकार र स्थानीय तहहरूका जनप्रतिनिधित्वप्रतिको प्रतिबद्धतालाई नै कमजोर बनाएको छ ।

संघीय शासन व्यवस्थाको मूल मर्म नै स्थानीय तहलाई सबल र जिम्मेवार बनाउनु हो। तर स्थानीय तहमा कामको सट्टा केवल बजेटको घोषणामात्र हुनु, जनस्तरमा गुनासा बढ्नु, र कामको प्रतिफल नदेखिनुले संघीयता स्वयंमाथि नै प्रश्न उठाइरहेको छ । जनताको करबाट संकलित बजेट जनताको सेवा र सुविधाका लागि प्रयोग नहुनु र सिण्डिकेट प्रवृत्तिको दबदबा बढ्नुले लोकतान्त्रिक अभ्यासमाथि नै चोट पुऱ्याइरहेको छ ।

समस्या केवल डडेल्धुरा जिल्लासम्म सीमित छैन। सुदूरपश्चिमका अन्य पहाडी जिल्लाहरूमा पनि यही अवस्था दोहोरिइरहेको छ । सडक पूर्वाधार सुधार नगरी प्रदेशको समग्र सामाजिक-आर्थिक विकास सम्भव छैन । यात्रुहरूको समय, स्वास्थ्य, शिक्षा, रोजगारी र व्यापार-व्यवसायसमेत सडकसँग गाँसिएको हुन्छ । यस्तो अवस्थामा सडकलाई प्राथमिकतामा राखेर दीर्घकालीन योजना बनाउनु प्रदेश सरकार र स्थानीय तहको कर्तव्य हो ।

अत: अब समय आएको छ कि प्रदेश सरकार, स्थानीय तह, निर्माण कम्पनी र सरोकारवाला निकायहरू सचेत र जिम्मेवार बनून्। अनुगमन प्रणाली बलियो बनाइयोस्, सार्वजनिक खर्चको पारदर्शिता सुनिश्चित गरियोस् र दोषीमाथि कडा कारबाहीको अभ्यास सुरु गरियोस् । जनताको करको पैसा जनताकै सुविधामा खर्च गर्न नसक्ने हो भने संघीयता केवल खर्चिलो शासन प्रणालीमा सीमित बन्नेछ। हरेक वर्ष दोहोरिने सडकको सास्ती कहिलेसम्म सहने भन्ने प्रश्न आज डडेल्धुरावासीमात्र होइन, सम्पूर्ण प्रदेशवासीको साझा आवाज बन्न थालेको छ यसले संघिता र गणतन्त्र माथि नै प्रश्न उठाउने संकेत देखिन्छ हामी सबैले समयमा नै सचते बन्नु पर्ने देखिन्छ ।

(जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ) जस्ता व्यक्तिगत घटना ३५ दिन भित्र वडा कार्यालयमा गएर अनिवार्य दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. १० को कार्यालय डडेल्धुरा

# बदलिँदो नेपाली समाजमा युवाहरूको भूमिका



सुविन चालिसे

नेपाल जस्तो विविधतायुक्त देशमा समाज निरन्तर परिवर्तनको यात्रामा छ । विकास, प्रविधि, र जनचेतनामा आएको परिवर्तनले समाजको संरचना र मूल्य मान्यताहरूमा ठूलो प्रभाव पारेको छ । यस बदलिँदो समाजमा युवाहरूको भूमिका महत्वपूर्ण छ। नेपाली समाजमा परिवर्तन ल्याउने शक्ति नै युवाहरू हुन् ।

सबैभन्दा पहिला, युवाहरू प्रविधिको सशक्त प्रयोगकर्ताका रूपमा देखिएका छन्। इन्टरनेट, सामाजिक सञ्जाल, र नयाँ प्रविधिहरूको उपयोग गर्दै उनीहरूले नयाँ चेतना, विचार र सन्देश फैलाइरहेका छन् । उदाहरणस्वरूप, विभिन्न सामाजिक मुद्दाहरूमा युवाहरूले अनलाइन अभियान चलाएर समाजलाई जागरूक बनाउने प्रयास गरिरहेका छन् ।

दोस्रो, राजनीतिक परिप्रेक्ष्यमा युवाहरूको भूमिका उल्लेखनीय छ। विगतका केही वर्षहरूमा, युवाहरूले राजनीतिक आन्दोलनहरूमा सक्रियता देखाउँदै आएका छन्। नेपालमा भएको लोकतान्त्रिक आन्दोलनहरूमा युवाहरूको भूमिका महत्त्वपूर्ण रह्यो । अहिलेको नयाँ संविधान निर्माणमा समेत युवाहरूको आवाजलाई सुनिएको छ ।

तेस्रो, नेपाली समाजमा भएका परम्परागत धारणाहरू र पुराना सामाजिक संरचनाहरूलाई चुनौती दिन युवा पुस्ताले अग्रसरता लिएको देखिन्छ । जात, लिङ्ग, र धर्मसँग सम्बन्धित विभेदहरूलाई हटाउने र समानता स्थापनाको लागि युवाहरूले अभियानहरू चलाएका छन् । यसले नेपाली समाजलाई उदार, समतामूलक र समावेशी बनाउन ठूलो सहयोग गरेको छ ।

युवाहरू रोजगारी र उद्यमशीलताको क्षेत्रमा पनि सक्रिय छन्। बदलिँदो अर्थतन्त्रको माग अनुसार युवाहरूले नयाँ नयाँ व्यावसायिक मोडेलहरू सिर्जना गरिरहेका छन्। स्टार्टअप कल्चरको सुरुवात र नविन सोच राखेर उनीहरूले नेपालको आर्थिक विकासमा योगदान पुर्याइरहेका छन् । युवाहरूले सामाजिक सेवामा पनि उल्लेखनीय योगदान दिएका छन् । विभिन्न गैरसरकारी संस्थाहरू, स्वयंसेवी संगठनहरू मार्फत शिक्षा, स्वास्थ्य, वातावरण, तथा अन्य सामाजिक मुद्दाहरूमा काम गरेर समाजलाई सशक्त बनाउन उनीहरूको भूमिका महत्त्वपूर्ण छ ।

समग्रमा, बदलिँदो नेपाली समाजमा युवाहरू परिवर्तनका वाहक हुन् । उनीहरूलाई सही दिशामा नेतृत्व गर्ने अवसर दिइने हो भने नेपाली समाजको भविष्य उज्ज्वल देखिन्छ। नविन सोच, साहस, र जोशले भरिएका यी युवाहरूले नेपाली समाजलाई आधुनिक र प्रगतिशील दिशामा अघि बढाउन सक्ने क्षमता राख्छन् ।

बदलिँदो नेपाली समाजमा युवाहरूको भूमिकालाई थप विस्तृत रूपमा हेर्दा विभिन्न क्षेत्रहरूमा उनीहरूको प्रभावलाई उजागर गर्न सकिन्छ । सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा उनीहरूको योगदान क्रमशः वृद्धि हुँदै गएको छ ।

**१. सामाजिक नेतृत्वमा योगदानः**

नेपाली युवाहरूले सामाजिक नेतृत्व र सेवा क्षेत्रमा पनि महत्वपूर्ण भूमिका निभाउँदै आएका छन् । सामाजिक अभियन्ता र स्वयंसेवकको रूपमा, युवाहरूले सामाजिक न्याय, शिक्षा, स्वास्थ्य र लैंगिक समानताजस्ता मुद्दाहरूमा काम गरिरहेका छन् । विभिन्न गैरसरकारी संस्था र अभियानहरूमा संलग्न भई उनीहरूले समाजमा सुधार ल्याउने प्रयास गरिर हेका छन् ।

नेपालमा बढ्दो लैंगिक हिंसा, बालविवाह, जातीय विभेद, र अन्य सामाजिक मुद्दाहरूलाई हटाउन युवाहरूले चलाएका अभियानहरूले समाजमा चेतना फैलाइरहेका छन् । यसले समाजलाई न्यायसंगत र समावेशी बनाउन मद्दत पुऱ्याएको छ

**२. राजनीतिक सचेतना र सक्रियताः**

नेपाली राजनीतिक परिवेशमा युवाहरूको भूमिका अब सीमित मात्रामा होइन। विगतमा राजनीति बृद्ध पुस्ताको वर्चस्वमा रहे पनि अहिलेको समयमा युवाहरूले नयाँ सोच, सुधार, र परिवर्तनको माग राख्दै सक्रिय सहभागिता जनाइरहेका छन्। स्थानीय निर्वाचनदेखि लिएर राष्ट्रिय स्तरसम्म उनीहरूको सहभागिता बढ्दो छ ।

युवाहरूले सशक्त राजनीतिक नेतृत्वको माग गर्दै विभिन्न आन्दोलनहरूमा भाग लिएका छन्, जसले नयाँ पुस्ताको आवश्यकता र प्राथमिकतालाई अघि सारेको छ । उनीहरू राजनीतिमा पारदर्शिता, जवाफदेहिता, र निष्ठाको माग राख्दै आएका छन्। यसले पुराना राजनीति शैलीमा सुधार ल्याउन र नयाँ नीतिहरूको निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

**३. उद्यमशीलता र नवप्रवर्तनः**

बदलिँदो विश्वसामु युवाहरूले नयाँ प्रविधिको सदुपयोग गर्दै उद्यमशीलताको क्षेत्रमा क्रान्तिकारी योगदान दिएका छन् । नेपालको आर्थिक अवस्था सुधार्न युवाहरूले स्टार्टअपहरू, साना तथा मझौला उद्यमहरूको सुरुवात गरेका छन्। कृषि, पर्यटन, सूचना प्रविधि, र उद्योग क्षेत्रमा युवाहरूको नविन सोचले नेपाललाई स्वावलम्बी बनाउने दिशामा अघि बढाएको छ ।

अझै, युवा उद्यमीहरूले विश्वव्यापी मञ्चमा नेपाललाई चिनाउँदै निर्यातका लागि नयाँ नयाँ उपायहरू खोजिरहेका छन्। यसले न केवल रोजगारी सिर्जना गरेको छ, तर देशको आर्थिक विकासमा योगदान पुर्याएको छ ।

**४. सांस्कृतिक परिवर्तनः**

सांस्कृतिक रूपमा पनि युवाहरूले परम्परागत मान्यताहरूलाई आधुनिक सोचसँग मेल खुवाउने प्रयास गरिरहेका छन् । नेपालको विविध सांस्कृतिक सम्पदालाई संरक्षण गर्दै, नयाँ पुस्ताले सांस्कृतिक साक्षरता, कला, संगीत र अन्य सांस्कृतिक क्रियाकलापहरूमा पनि नविनता ल्याइरहेका छन् ।

यसका साथै, विश्वव्यापीकरण र प्रविधिको प्रभावले गर्दा युवाहरूले नयाँ सांस्कृतिक परम्पराहरूलाई आत्मसात गर्दै आएका छन्। यद्यपि, उनीहरूले आफ्नै मौलिक संस्कृति र परम्पराको पनि सम्मान गर्ने परिपाटीलाई कायम राखेका छन् ।

**५. वातावरणीय सचेतना र संरक्षणः**

वातावरणीय चुनौतीहरू सामना गर्न युवा पुस्ताले अग्रसरता लिएको छ । जलवायु परिवर्तन, प्रदूषण, र जंगलको कटानजस्ता समस्याहरूको समाधानका लागि युवाहरूले वातावरणीय सचेतना अभियानहरू सञ्चालन गरिरहेका छन्। “क्लिन अप नेपाल“, “ग्रीन नेपाल“, जस्ता अभियानहरूमा उनीहरूको उत्साही सहभागिताले वातावरण संरक्षणमा महत्त्वपूर्ण योगदान पुर्याइरहेको छ । युवाहरूको वातावरणप्रतिको जागरूकता र योगदानले दीर्घकालीन दिगो विकासको अवधारणा फैलाउने कार्यमा ठूलो भूमिका खेलिरहेको छ ।

**निष्कर्षः**

बदलिँदो नेपाली समाजमा युवाहरूको भूमिका बहुआयामिक छ । उनीहरू समाजका हरेक क्षेत्रमा परिवर्तन र सुधारको वाहक बनेका छन् ।

प्रविधिको प्रयोग, उद्यमशीलता, सामाजिक न्यायका लागि अभियान, र राजनीतिक सुधारमा उनीहरूको योगदान नेपाललाई आर्थिक, सामाजिक, र सांस्कृतिक रूपमा समृद्ध बनाउन सहायक साबित भएको छ । युवाहरूको सक्रियता र नवप्रवर्तनले नेपालको भविष्य उज्ज्वल र सक्षम देखिन्छ ।

यदि राज्यले तिनलाई उचित अवसर र स्रोतहरू उपलब्ध गरायो भने, नेपाली समाजले उनीहरूको अद्वितीय ऊर्जा र नवाचारलाई थप सदुपयोग गर्न सक्नेछ, जसले देशलाई दिगो विकास र समृद्धितर्फ उन्मुख गराउनेछ ।

(जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ) जस्ता व्यक्तिगत घटना ३५ दिन भित्र वडा कार्यालयमा गएर अनिवार्य दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. १ को कार्यालय डडेल्धुरा

# के हो लेनिनवादी संगठनात्मक पद्धती ?

लेनिनवादी संगठनात्मक सिद्धान्त क्रान्तिकारी नेता भ्लादिमिर लेनिनले विकास गरेको एक क्रान्तिकारी ढाँचा हो, जसले समाजवादी क्रान्तिलाई संगठित र प्रभावकारी बनाउन मार्क्सवादी सिद्धान्तलाई तत्कालिन समाजको विशिष्ट परिस्थितिमा अनुकूलन गरेको छ। यो सिद्धान्तले कम्युनिस्ट पार्टीको निर्माण, सञ्चालन र क्रान्तिकारी आन्दोलनको नेतृत्वमा महत्वपूर्ण भूमिका खेल्छ। लेनिनको यो विचार विशेष गरी उनको पुस्तक ध्जबत क्ष्क तय द्यभ म्यलभ? (१९०२) मा स्पष्ट रूपमा व्यक्त भएको छ, जहाँ उनले क्रान्तिकारी परिवर्तनको लागि अनुशासित र समर्पित संगठनको आवश्यकता माथि जोड दिएका छन् ।

**अग्रगामी पार्टी** (Vanguard Party)

लेनिनवादी सिद्धान्तको केन्द्रमा अग्रगामी पार्टी (Vanguard Party) को अवधारणा छ । उनले के कुरा अघि सारे भने समाजका उपेक्षित उत्पीडित शोषित वर्ग आफैंमा स्वत:स्फूर्त रूपमा क्रान्तिकारी चेतना विकास गर्न सक्षम हुँदैनन्, आफ्नो दैनिक जीवनमा आइपर्ने सामान्य तलब वृद्धि वा कामको अवस्थामा सुधारको लागि लडे पनि पूँजीवादी व्यवस्थालाई उखेल्न र समाजवादी समाजको निर्माण गर्न आवश्यक वैचारिक र रणनीतिक नेतृत्व उनीहरूसँग हुँदैन। त्यसैले यसका लागि एक सानो, अनुशासित र मार्क्सवादी सिद्धान्तमा पारंगत पेशेवर क्रान्तिकारीहरूको समूह आवश्यक छ, जसले मजदुर वर्गलाई शिक्षित र संगठित गरोस्। यो अग्रगामी पार्टीले मजदुर वर्गको प्रतिनिधित्व गर्छ र उनीहरूलाई क्रान्तिकारी चेतनाले सुसज्जित बनाउँछ । यो पार्टीले समाजको अगुवाइ गर्दै क्रान्तिकारी परिवर्तनको नेतृत्व गर्छ, जसले मजदुर वर्गको हितमा समाजवादी व्यवस्थाको स्थापना गर्ने लक्ष्य राख्छ । त्यसैले लेनिनले वर्ग पक्षधरतामा जोड दिँदै कम्युनिष्ट पार्टी शोषित पीडित जनताका लागि हुनुपर्नेमा बताए ।

**लोकतान्त्रिक केन्द्रीयता** (Democratic Centralism)

लेनिनवादी सिद्धान्तको अर्को महत्वपूर्ण पक्ष हो लोकतान्त्रिक केन्द्रीयता (Democratic Centralism) । यो सिद्धान्तले पार्टीभित्र आन्तरिक लोकतान्त्रिक छलफल र निर्णय प्रक्रियालाई प्रोत्साहन गर्छ, तर एकपटक निर्णय भएपछि सबै सदस्यले त्यसलाई कडाइका साथ पालना गर्नुपर्छ भन्नेमा जोड दिन्छ । पार्टी कमिटीहरुमा कुनै एजेण्डामा पर्याप्त छलफल गर्ने, बहस गर्ने, तर निर्णयको कडा पालना गर्नुपर्ने यसको मान्यता

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

- लाल बिगूल दैनिकः- ९८५८७५१६००/९८०५५९९७५०
- जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- ०९६-४२०१३३/४२०५५५
- जिल्ला अदालत डडेल्धुराः- ०९६-४२०१३०/४२०४८३
- जिल्ला समन्वय समिति डडेल्धुराः- ०९६-४१०१४४
- जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- ०९६-४२०१९९/४२०१७६
- रणबम गण दहब्यारेक डडेल्धुराः- ०९६-४२०२००/४२०५००
- राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः ०९६-४२०१७७
- रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- ९८५१२७२५१३
- डडेल्धुरा अस्पताल डडेल्धुराः- ०९६-४१०२४५/४२०१६५
- शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- ०९६-४२०१३५
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- ०९६-४१०११४
- खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१५०
- स्वास्थ्य कार्यालय डडेल्धुराः- ०९६-४१०११८/४१०२३८
- डिभिजन बन कार्यालय डडेल्धुराः- ०९६-४२०१४५
- जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- ०९६-४२०२३७
- जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१२५
- कृषि ज्ञान केन्द्र डडेल्धुराः- ०९६-४१०११२
- भू- तथा जलाधार ब्यवस्थापन कारयालय डडेल्धुराः- ०९६-४१०११५
- मालपोत कार्यालय डडेल्धुराः- ०९६-४१०१७१
- नापी कार्यालय डडेल्धुराः- ०९६-४१०१६७
- कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- ०९६-४१०१७७
- जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- ०९६-४१०१०६
- घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- ०९६-४१०१६४
- तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- ०९६-४२०१७५
- जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- ०९६-४१०१५४
- जिल्ला हुलाक कार्यालय डडेल्धुराः- ०९६-४२०१४१
- शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- ०९६-४१०१८५
- जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- ०९६-४२०२२१
- डडेल्धुरा कारागार शाखाः- ०९६-४१९२१५
- जिल्ला खेलकुद समिति डडेल्धुराः- ०९६-४२०३६३
- यातायात कार्यालय डडेल्धुराः- ०९६-४२०२४१
- सामाजिक विकास कार्यालय डडेल्धुराः- ९८५८७८३२३२
- अमरगढी नगरपालिका डडेल्धुराः- ०९६-४१०२२२
- परशुराम नगरपालिका डडेल्धुराः- ०९६-४११००४
- अजयमेरू गाउँपालिका डडेल्धुराः- ९८५५७८५५५०
- गन्यापधुरा गाउँपालिका डडेल्धुराः- ९८५८७८८७०७
- आलिताल गाउँपालिका डडेल्धुराः- ९८५८७८१०२०
- भागेश्वर गाउँपालिका डडेल्धुराः- ९८४१९६३८९६
- नवदुर्गा गाउँपालिका डडेल्धुराः- ९८५८७४५४३०
- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- ०९६-४१००९२
- आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- ०९६-४१०३०८
- खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- ९८५८७७५००४
- पूर्वाधार विकास कार्यालय डडेल्धुराः- ०९६-४१००६१
- राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- ०९६-४२०२१३/४२०२१४
- नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- ०९६-४२०२४५/४२०४७५
- दुरसञ्चार कार्यालय डडेल्धुराः- ०९६-४२०१०८
- साल्ट ट्रेडिङ्ग डडेल्धुराः- ९८४८८०५५८२
- जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- ०९६-४११००८
- इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- ०९६-४११०७२
- डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. ०९६-४२००६३
- डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- ०९६-४२०३५३
- जिल्ला रेडक्रस ब्लडका लागिः- ९८४७०९०१७४
- एम्बुलेन्स डडेल्धुरा अस्पतालः- ०९६-४१०१६५
- उद्योग विणिज्य संघ डडेल्धुराः- ०९६-४२०६११
- बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- ०९६-४१००१३
- रुडुक डडेल्धुराः- ०९६-४१०४०२
- महिला मुक्ति समाज डडेल्धुराः- ०९६-४२०३८९
- एकीकृत विकास समाज डडेल्धुराः- ०९६-४२०१७९
- हरमस नेपालः- ०९६-४२०१४७
- नेपाली काङ्ग्रेस डडेल्धुराः- ०९६-४२०१६९
- नेकपा एमाले डडेल्धुराः- ०९६-४१०१०५
- नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- ९८५११५१००८
- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ९८४९७११५३८
- नेकपा एकीकृत समाजवादी डडेल्धुराः- ९८५८७५१४३५
- डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- ०९६-४१०१८९
- त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- ९८५८७८६२५८
- भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- ०९६-४२०७५०
- न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा ः- ०९६-४१०११६

## लेनिनवादी संगठनात्मक पद्धती......

छ। यो प्रक्रियाले पार्टीमा एकता र अनुशासन कायम राख्छ । उदाहरणका लागि, पार्टीका सदस्यहरूले नीति, रणनीति वा कार्ययोजनाबारे स्वतन्त्र रूपमा छलफल गर्न सक्छन्, आफ्ना विचार राख्न सक्छन्। यसो गर्दा कतिपय सदस्यहरुको विचार अल्पमतमा पर्छ । तर जब बहुमतले कुनै निर्णय लिन्छ, तब सबैले त्यसलाई एकजुट भएर कार्यान्वयन गर्नुपर्छ । यो सिद्धान्तले पार्टीको आन्तरिक विवादलाई कम गर्छ र क्रान्तिकारी आन्दोलनलाई प्रभावकारी बनाउँछ । यसले पार्टीको एकताबद्धता र शक्तिलाई कायम राख्छ । यदि निर्णय भइसकेपछि त्यसको पालना गर्नुको साटो पार्टी कमिटीबाहिर त्यसमा बहस गरिने अवस्थाले पार्टीमा अराजकता पैदा गर्दछ र विरोधी शक्तिहरुले फाइदा लिन्छन् ।

**अनुशासन र गोपनीयता**

लेनिनले कडा अनुशासन र गोपनीयताको पनि विशेष जोड दिए। रुसी जारशाही शासनको समयमा, क्रान्तिकारी गतिविधिहरू अत्यन्त जोखिमपूर्ण थिए । सरकारको गुप्तचर र दमनकारी नीतिका कारण क्रान्तिकारी संगठनहरू सधैं खतरामा हुन्थे । त्यसैले, लेनिनले पार्टीको संरचनालाई गुप्त र सुरक्षित बनाउनुपर्ने आवश्यकता माथि जोड दिए। पार्टीका सदस्यहरूले क्रान्तिकारी गतिविधिहरूलाई गोप्य राख्नुपर्थ्यो र कडा अनुशासन पालना गर्नुपर्थ्यो । यो गोपनीयताले पार्टीको अस्तित्व र प्रभावकारितालाई जोगायो, विशेष गरी रुसी क्रान्तिको तयारीका समयमा यो सिद्धान्तले पार्टीका सदस्य हरूलाई व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामूहिक लक्ष्यप्रति समर्पित हुन प्रेरित गऱ्यो ।

**क्रान्तिकारी रणनीति र रणकौशलमा लचकता**

लेनिनवादी सिद्धान्तले क्रान्तिकारी रणनीति र रणकौशलमा लचकताको महत्वलाई पनि उजागर गर्छ। लेनिनले क्रान्तिको सफलताको लागि सही समय, अवस्था र रणनीतिको विश्लेषण गर्नुपर्ने कुरामा जोड दिए । उदाहरणका लागि, उनले विभिन्न परिस्थितिमा मजदुर वर्गसँग गठबन्धन गर्न, प्रचार-प्रसार गर्न र आन्दोलनलाई संगठित गर्न लचिलो रणनीति अपनाउन सुझाव दिए। उनले क्रान्तिकारी आन्दोलनलाई प्रभावकारी बनाउन विभिन्न सामाजिक समूहहरूसँग सहकार्य गर्नुपर्ने आवश्यकता माथि पनि जोड दिए । यो लचकताले पार्टीले विभिन्न सामाजिक र राजनीतिक अवस्थाहरूमा आफूलाई अनुकूलन गर्न सक्यो, जसले १९१७ को रुसी क्रान्तिको सफलतामा महत्वपूर्ण भूमिका खेल्यो ।

**अन्तर्राष्ट्रियतावाद**

लेनिनवादी सिद्धान्तले साम्राज्यवाद र अन्तर्राष्ट्रियतावादलाई पनि समेट्छ लेनिनले साम्राज्यवादलाई पूँजीवादको उच्च चरणको रूपमा विश्लेषण गरे, जसले विश्वभरका मजदुर वर्गलाई शोषण गर्छ । उनले विश्वव्यापी क्रान्तिकारी आन्दोलनको आवश्यकता माथि जोड दिए, जहाँ विभिन्न देशका कम्युनिस्ट पार्टीहरूले एकअर्कासँग सहकार्य गर्छन् । यो अन्तर्राष्ट्रियतावादी दृष्टिकोणले विश्वभरका मजदुर वर्गलाई एकताबद्ध गर्न र साम्राज्यवादी शक्तिहरूको विरुद्धमा लड्न प्रेरित गऱ्यो । लेनिनको यो विचारले विश्व कम्युनिस्ट आन्दोलनलाई एक नयाँ दिशा दियो र विभिन्न देशहरूमा क्रान्तिकारी आन्दोलनलाई बल पुऱ्यायो ।

**निष्कर्श**

लेनिनवादी संगठनात्मक सिद्धान्तले क्रान्तिकारी आन्दोलनलाई अनुशासित, एकीकृत र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्छ। यो सिद्धान्तले मजदुर वर्गको नेतृत्वमा समाजवादी क्रान्तिको सपनालाई साकार पार्न संगठन, अनुशासन र रणनीतिको महत्वलाई उजागर गर्छ। नेपालजस्ता देशहरूमा, जहाँ सामाजिक असमानता र शोषण अझै पनि प्रचलित छ, यो सिद्धान्तले सामाजिक परिवर्तनको लागि प्रेरणा प्रदान गर्छ । यद्यपि, यो सिद्धान्तको कार्यान्वयनमा स्थानीय परिस्थितिको विश्लेषण र अनुकूलन आवश्यक हुन्छ, ताकि क्रान्तिकारी लक्ष्यहरू प्रभावकारी रूपमा प्राप्त गर्न सकियोस् । अन्ततः, लेनिनवादी सिद्धान्तले हामीलाई सिकाउँछ कि सत्य र न्यायको लागि लड्न संगठित र अनुशासित प्रयास अपरिहार्य छ ।


## कृषि ज्ञान केन्द्र डडेल्धुराको अनुरोध

- जमिन बाँझो नराखौं कृषि उपज बढाऔं ।
- परम्पारगत खेतीबाट उभो लागिदैन आधुनिक व्यवसायिक कृषि प्रणाली अपनाऔं ।
- सफल उद्यमी बनी नमुना योग्य कामको पहिचान गरौं ।
- आधुनिक बीउ पूँजीको विकासमा ध्यान दिऔं
- व्यावसायिक तरकारी उत्पादन कार्यमा लागौं ।
- आधुनिक कृषकको रुपमा परिचित बनौं ।
- पहाडी भु भागमा बर्षे बालीमा ध्यान दिऔं ।
- धान मकै भटमासको क्षेत्रफल विस्तार उत्पादन तथा
- उत्पादकत्व बढाउने कार्यमा लागौं ।
- कृषक समूह सहकारी तथा समुदायले समय मै आ-आफ्नो माग दर्ता गरी कृषि व्यवसायको विकासमा सहयोग गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**सुदुरपश्चिम प्रदेश सरकार**
**भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय**
**कृषि बिकास निर्देशनाल**
**कृषि ज्ञान केन्द्र डडेल्धुरा**


## डडेल्धुरा अस्पताल डडेल्धुरा

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरु |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको ब्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट ब्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित ब्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक ब्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका ब्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक ब्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०ः०० बजे देखि दिउँसो १ः०० बजेट सम्म र शुक्रबार १२ः०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

सामाजिक सेवा एकाई
डडेल्धुरा अस्पताल डडेल्धुरा

# कुलिङ अफ पिरियड : खतिवडा, अर्याल र पाण्डेयलाई बचाउन चलखेल

**बिगूल समाचार**
**१९ साउन २०८२**

संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा भएको त्रुटि छानबिन विशेष समितिले दोषीलाई उम्काउने गरी प्रतिवेदन तयारी गर्ने सम्भावना बढेको छ । विधेयकमा भएको चलखेलबारे भइरहेको छानबिनमा दोषी देखिएका उच्चपदस्थ व्यक्तिलाई कारबाहीबाट बचाउने प्रयास भइरहेको संसद सचिवालय स्रोतले बताएको छ। संसद सचिवालय स्रोतले दिएको जानकारीअनुसार विधेयकमा भएको छलफलमा राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा, मुख्यमसचिव एकनारायण अर्याल, संसद सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेय र संसद सचिवालयका सचिव सुरजकुमार दुरासहितले नियमित चलखेल गरेको आरोप लागेको छ । अनुसन्धानका क्रममा पनि उनीहरूले चलखेल गरेको खुलेको थियो । तर, उनीहरूको संलग्नता भए पनि दोषी किटान गरेर कारबाही सिफारिस हुने सम्भावना कम भएको स्रोतको भनाइ छ ।

विधेयकमा कुलिङ पिरियड राखेपछि मुख्यसचिव अर्याल र महासचिव पाण्डेयले नेतृत्व गरेर सचिवहरूलाई नेताहरूको घरदैलो अभियानमा संलग्न गराएका थिए । त्यही अभियानका क्रममा मातहतका कर्मचारीमार्फत नियतवश चलखेल गराएको पनि अनुसन्धानमा खुलेको छ । त्यसबाट सभापति खतिवडा पनि प्रभावित भएको स्रोतको दाबी छ।

त्यसैले, छानबिन विशेष समितिले दोषीलाई कस्तो कारबाही सिफारिस गर्छ भन्ने चासोको विषय बनेको छ। त्यसो त कांग्रेस र एमाले साझा धारणा बनाउने प्रयासमा जुटेका छन् । उनीहरूले साझा धारणा बनाएर संलग्नको विषयमा उल्लेख गरे पनि कारबाही गर्न सिफारिस नगर्ने र भविष्यमा हुन नदिन सुझाव दिने गरी काम गर्न खोजेका छन् । १८ साउन समितिको कार्यकाल सकिँदै छ। त्यसैले आज उनीहरूले प्रतिवेदन तयार गर्नुपर्ने बाध्यता छ। त्यही कारण १८ साउनमा बिहान ७ बजेदेखि नै समितिका सदस्यहरू प्रतिवेदनलाई अन्तिम रूप दिने प्रयासमा जुटेका छन् ।

दिनभर समिति बैठकमा प्रतिवेदनमा प्रयोग गर्ने भाषाका छलफल केन्द्रित भएको थियो । समितिले कुलिङ पिरियडको प्रावधान राख्ने गरी भएको राजनीतिक सहमतिअनुसारको भाषा प्रयोग नहुनुलाई त्रुटि भएको रूपमा स्वीकार गरेको छ ।

तर, कुन हदसम्मको गल्ती देखाउने भन्ने भाषामा सहमति गर्नका लागि समय लागेको हो । गम्भीर त्रुटि भन्नेमा समितिमा सहमति जुटे पनि भाषा मिलाउने क्रममा सहमति नभएपछि समय लागेको संसद सचिवालय स्रोतले बताएको छ ।

समिति सदस्यहरूका अनुसार कुलिङ पिरियडमा गडबडी गर्ने कार्यमा संलग्नलाई कस्तो कारबाही गर्ने र आगामी दिनमा कानुन निर्माणका क्रममा गडबडी हुन नदिन के-कस्ता विषय सिफारिस गर्ने भनेर आइतबार लामो छलफल चलेको थियो ।

२३ असारमा गठित समितिलाई सुरुमा २१ दिनको समय दिइएको थियो। पछि थपिएको एक साताको समय आइतबार सकिँदै छ । समितिमा नेपाली कांग्रेसका सांसदहरू जीवन परियार र सुशीला थिङ सदस्य छन्। त्यस्तै, एमालेबाट ईश्वरी घर्ती र नारायणप्रसाद आचार्य सदस्य छन् । माओवादी केन्द्रबाट माधव सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गणेश पराजुली र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रोशन कार्की सदस्य छन् ।


## बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।
## विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं

**यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईंसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

नवदुर्गा गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
मण्लिेक, डडेल्धुरा

## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईंसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भद्रपुर, डडेल्धुरा**


डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा